# धनगढीमाई नगरपालिकाको

## सम्पत्ति विवरण पेश गर्ने बारे सम्पत्तिधनीहरूलाई अत्यन्त जरुरी सूचना

यस धनगढीमाई नगरपालिकाले आ.व. २०७५।७६ देखि एकीकृत सम्पत्ति कर लागु गर्ने भएकाले नगरपालिका क्षेत्रभित्र जग्गा रहेका जग्गाधनीहरूलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको (प्लीन्थ एरिया सहितको) विवरण दाखिला गरी नगरपालिकामा लगत कायम गराउन हुन यो सूचना प्रकाशित गरिएको छ।

सम्पत्तिको विवरण दाखिला गर्ने फाराम धनगढीमाई नगरपालिकाको सम्बन्धित वडा कार्यालयबाट यही २०७५ असार १६ गते देखि वितरण हुने हुँदा फाराम प्राप्त गर्नुभई सो फाराममा सत्य तथ्य विवरण भरी आगामी २०७५ असार ३० गतेभित्र नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा दाखिला गर्नुहुन अनुरोध गरिन्छ । यस्ता विवरण जग्गाधनी आफैं वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन । नगरपालिकाले तोकेका अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ-आफ्नो सम्पत्ति (जग्गा, घर र संरचना) को विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।

एकीकृत सम्पत्ति करको विवरण दाखिला गर्नका लागि आ.व. २०७४।७५ सम्मको मालपोत र भूमिकर चुक्ता गरेको हुनु पर्नेछ ।

पुनश्चः सम्पत्तिको विवरण दाखिला गर्ने फाराम धनगढीमाई नगरपालिकाका website; www.dhangadhimun.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ।

धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा